बकैया गाउँकार्यपालिकाको मिति २०७८।०९।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. दररेट सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विद्युत विस्तार अन्तर्गत छुटयाइएको योजनाहरु कार्यान्वयन गर्ने क्रममा हालको समयमा तपसिल बमोजिमका विद्युतीय सामाग्रीहरुको बजार मूल्य जिल्ला दररेटभन्दा अत्याधिक बृद्धि भएकोले विभिन्न फर्महरुबाट माग गरिएको कोटेशनहरुको आधारमा न्यूनतम दररेटलाई चालु आर्थिक वर्षको विद्युत विस्तारका कार्यहरु तपसिल बमोजिमको दररेट कायम गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | इकाई | साविक दररेट रु. (मु.अ.क. बाहेक) | कायम गर्नुपर्ने दररेट रु.(मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | Weasal (30 sq.mm ACSR Conductor) | मिटर | ३७ | ४५ |
| २ | Rabbit (50 Sq.mm ACSR Conductor) | मिटर | ५० | ७२ |
| ३ | Cross arm channel 300mm | थान | ५४० | ८०० |
| ४ | Cross Arm channel 1200mm | थान | १६०० | २२०० |
| ५ | Brassings 600 mm | थान | २२० | २७५ |
| ६ | DO set | सेट | ८२९५ | १२५०० |
| ७ | cable shoe 50 sq.mm | थान | ६५ | १०० |
| ८ | 8 mtr stp pole | थान | १५५०० | १८००० |
| ९ | 9 mtr stp pole | थान | १७००० | १८००० |
| १० | Transfermer 25 KVA-3phase, 50 herz | थान | २२०००० | २४५००० |

साथै मकवानपुर जिल्ला विद्युत वितरण केन्द्रबाट प्राप्त नभएकोमा साविक आर्थिक वर्ष बमोजिम नै धनकुटा जिल्लास्थित धनकुटा विद्युत वितरण केन्द्रको विद्युतीय सामाग्रीहरुको दर विश्लेषण प्रयोग गर्ने निर्णय गरियो ।

२. आर्थिक विकास शाखा अन्तर्गतका कार्यक्रमहरु सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका तपसिल बमोजिमका योजनाहरुको ठेक्का मार्फत कार्यान्वयन गराउने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम/आयोजना | कुल रकम |
|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा प्लाष्टिक घर निर्माण (फलामको घर) वडा नं. १० र ११ | रु. २०,००,०००।- |
| २ | ७५ प्रतिशत अनुदानमा कृषि यन्त्रिकरण | रु. १३,००,०००।- |

साथै संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गतको कोल्डरुम/पोर्टेबल कोल्ड च्याम्बर निर्माण (लागत साझेदारी ५० प्रतिशत) कार्यक्रम सञ्चालनको लागि सहकारी संस्थाहरुलाई सूचना आह्वान गर्ने निर्णय गरियो ।

३. संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदानका योजनाहरु कार्यान्वयन सम्बन्धमाः-

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षका लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट सशर्त अनुदानका योजनाहरु स्वीकृत गरी यस गाउँपालिकाको लागि छनौट गरेका तपसिल बमोजिमका योजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/आयोजना | स्रोत | कुल रकम |
|---|---|---|---|
| १ | नटरम्वेश्वर सिँढी/पदमार्ग निर्माण बकैया, १२ | संघीय सशर्त | रु. १०,००,०००।- |
| २ | कर्मचुली बस्ती बचाउ योजना बकैया, ५ | प्रदेश सशर्त | रु. २०,००,०००।- |
| ३ | जुनेली बस्ती अल्छे भोगटे टिकुली सडक, बकैया ६ | प्रदेश सशर्त | रु. २०,००,०००।- |
| ४ | जितपुर कोलखोप सडक, बकैया १२ | प्रदेश सशर्त | रु. २०,००,०००।- |
| ५ | माझीखोला-माझीखोला शिर रातोथली सडक बकैया, ४ | प्रदेश सशर्त | रु. २०,००,०००।- |
| ६ | श्रीपुर लिफ्ट सिँचाई, बकैया ५ | प्रदेश सशर्त | रु. २०,००,०००।- |
| | हिरामुनी कालीदमार बागमती जोड्ने सडक, बकैया ७ | प्रदेश सशर्त | रु. २०,००,०००।- |

**४. हात्तीसुँडे खानेपानी योजना सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत हात्तीसुँडे खानेपानी योजनाको लागि रु. ३०,००,०००।- विनियोजन गरिएको र उक्त योजनाको विस्तृत आयोजना प्रतिवेदन अनुसार सो योजना सञ्चालनको लागि करिव रु. ३,३४,८१,४०१।७६- लागत लाग्ने देखिएकोमा वागमती प्रदेश सरकारसङ्ग वजेट माग गरिएको तथा आगामी आर्थिक वर्षको वजेटका लागि हुने गाउँसभाबाट आवश्यक वजेट विनियोजनका लागि सिफारिश गर्ने गरि उक्त योजनाको लागि वहु वर्षिय ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**५. नदिजन्य पदार्थ स्टक प्रमाणित सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा मकवानपुर जिल्ला ढुंगा, गिट्टी, वालुवा अनुगमन तथा समन्वय समतिद्वारा अनुगमन भई यस गाउँपालिका अन्तर्गत सञ्चालित क्रसरहरुमा आ.व. २०७७/७८ को अन्त्यमा देखिएको नदिजन्य पदार्थको मौज्दातको प्रमाणीकरण अनुसार अभिलेख अनुसार मौज्दात परिमाण भन्दा अनुगमनबाट देखिएको मौज्दात ४००।५० घन मिटर बढि पाईएकोमा उक्त बढि परिमाण बराबरको मोज्दातको हकमा प्रति घनफिट रु. १।- दरले जरिवाना समेत लिई राजश्व लिने निर्णय गरियो ।

**६. किसान सूचीकरण कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्ष २०७८।७९ को लागि नेपाल सरकार सशर्त अनुदान तर्फ किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागि वडा नं. ४ छनौट गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमलाई सवै वडाहरुमा विस्तार गर्नका लागि बागमती प्रदेश कृषि तथा पशुपंक्षी मन्त्रालयसङ्ग वजेट व्यवस्थापनका लागि प्रस्तावना सहित माग गर्ने समेत निर्णय गरियो ।

**७. स्काउट ड्रेस भुक्तानी सम्बन्धमाः-**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा रहेको स्थानीय स्काउट बकैया गाउँपालिका समिति सदस्यहरु तथा बकैया गाउँपालिकाका पदाधिकारीहरुका लागि स्काउट पोशाक तयार गरिएको र सपथ कार्यक्रम हुन बाँकी रहेकोमा उक्त पोशाकहरु गाउँपालिकामा राखि सो को भुक्तानी दिने निर्णय गरियो ।

**८. कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार सशर्त अनुदान अन्तर्गत यस गाउँपालिकाको लागि कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण (लागत साझेदारी ५० प्रतिशत) कार्यक्रम प्राप्त भएकोमा सो कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा सञ्चालनका लागि स्थानीय कृषक/कृषि उद्यमी/कृषि उद्योग/कृषक समूह/कृषि सहकारी/कृषि सङ्ग सम्वन्धित समितिहरुलाई प्रस्ताव पेशका लागि सूचना आह्वान गरि कार्य गराउने निर्णय गरियो ।

**९. घमनटोल भलिवल प्रतियोगिता सम्बन्धमाः-**

उपरोक्त सम्बन्धमा यस गाउँपालिका वडा नं. ७ मा रहेको घमनटोल टोल विकास संस्थाले विगतका वर्ष झै यस वर्ष पनि गाउँपालिका स्तरीय भलिवल प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश गरेकोमा उक्त कार्यक्रमका लागि रु. १,००,०००।- बजेट उपलब्ध गराउने गरि संझौता गरेर मात्र प्रतियोगिता सञ्चालन गराउने निर्णय गरियो ।

**१०. योजना संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा सातौं गाउँसभाबाट वडागत रुपमा छुट्याईएको बजेट मध्ये केही योजना र विविध शिर्षकको रकम सम्बन्धित वडा समितिको संशोधन निर्णय तथा सिफारिशको आधारमा आगामी गाउँसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिमका योजनाहरु संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | महादेवडाँडा खानेपानी टयाङ्की निर्माण र पाइप विस्तार रु. ८,००,०००।- | • वडा कार्यालय माथि प्लास्टर तथा झ्याल ढोका निर्माण रु.४,००,०००।-<br>• महादेवफेदी मगर टोल शाखा बाटो रु. १,५०,०००।-<br>• महादेवफेदी टासी छ्योईलिङ्ग गुम्बा निर्माण रु. २,५०,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

११. विस्तृत आयोजना प्रतिवेदन (DPR)सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको विकास निर्माणको कार्यलाई निरन्तरता दिन तथा संघीय सरकार तथा प्रदेश सरकारसङ्ग विभिन्न योजनाहरु माग गर्न समेत विस्तृत आयोजना प्रतिवेदन आवश्यक पर्ने हुँदा तपसिल बमोजिमका योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) आवश्यकता अनुसार नेपाल सरकार तथा बागमती प्रदेश सरकारसङ्गको समेत सहकार्यमा तयार गर्ने निर्णय गरियो।

तपसिल:

१. मोरङ्गे महादेव रजुवा नागदह सडक वडा नं. १
२. बागदेव सरस्वती तीनथुम्के ट्वाङट्वाङ दोभान सडक वडा नं. २
३. चिसापानी खजुरीदमार स्कुलटोल बकैया खोला पक्की पुल वडा नं. ३ र ८
४. जलजले चम्पाखहरे हुँदै मामदमार सडक वडा नं. ३
५. भिमसेन दमार बाममारा लोहजर खोला पक्की पुल वडा नं. ३
६. बकैया रङ्गशाला हात्तीसुँडे वडा नं. ३
७. भिमशेन दमार रातोथली मोरङ्गे सडक वडा नं. ४
८. माझीखोला, माझीखोला शिर सडक वडा नं. ४
९. बुदुने पुल वडा नं. ५
१०. तीनतले भडौरा भित्रिसुवारा हुँदै गढीसम्म सडक वडा नं. ५
११. सुधा ज्यामिरे गडवान बार रतनपुर सडक वडा नं. ६
१२. जुइना साततले रामधुनी सडक वडा नं. ६
१३. दोभान सानो ज्यामिरे गभर्स्थान बारा सडक वडा नं. ६
१४. भिरकोट हात्तीखोला हर्दा कत्लेखोला मामदमार सडक वडा नं. ७
१५. पाङ्दुरे पुलदेखि भिरकोट कोलखहरे हुँदै कुवापानी ढोटरी खोला जोड्ने सडक वडा नं. ७
१६. सिरसिरे गोठडाँडा बस्तीपुर किर्नेबजार सडक र पक्कीपुल वडा नं. ८
१७. जलजले वङ्दह अखौंले बस्तीपुर सडक र पक्कीपुल वडा नं. ८
१८. सिरसिरे च्याउँच्याउँ कपासे भन्ज्याङ्ग सडक लोहाजर पुल सहित वडा नं. ९
१९. च्याउँच्याउँ भालुखोला कुडुँले भन्ज्याङ्ग सडक हिलेखोला पुल सहित वडा नं. ९
२०. भैरव दोभान हर्कपुर सडक वडा नं. ९
२१. च्याउँच्याउँ खानेपानी वडा नं. ९
२२. बकैया टाकुर पर्यटन पार्क वडा नं. १०
२३. खोरभन्ज्याङ गैरीगाउँ मन्थली सडक वडा नं. १०
२४. अम्बास झ्याङ्ग्रानी दशघरे वडा कार्यालय पर्यटकिय सडक वडा नं. १०
२५. भैरङ दोभान गमलटार कुन्चीपोकल सडक वडा नं. ११
२६. भिमसेन दमार मोरङ्गे आहाले सडक वडा नं. ११
२७. देउराली पिपलडाँडा लेक माझोखोला शिर बन्दीपुर वाइवालोसे घट्टेखोला सडक वडा नं. ११

बकैया गाउँपालिका

... खनाल

Scanned with CamScanner

२८. जितपुर कोलखोप रातोमाटे ठिङ्गन घलेगाउँ हुँदै कान्ती लोकपथ सडक वडा नं. १२
२९. चुनढुङ्गा सिमपानी केराघारी निगाले सडक वडा नं. १२
३०. लटरम्मेश्वर अर्जुनथली हुँदै भट्टेडाँडा सिँडी बाटो वडा नं. १२

**१२. संघीय समपूरक अनुदान तथा विशेष अनुदान माग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम आ.व. २०७९।८० मा कार्यान्वयन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको लागि समपुरक तथा विशेष अनुदान माग गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

समपुरक अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. हात्तीसुँडे शिखरपुर मन्थली ठिंगन सडक
२. माथिल्लो भिरकोट धियाँल विजलडाँडा सडक, वकैया-७
३. जुरेली, थली घुम्ती सडक, वकैया-४,११
४. श्रीपुर सुधा गढवान सडक, वकैया-५,६
५. भिरकोट कत्लेखोला मामदमार सडक, वकैया-७
६. चीसापानी खजुलीदमार स्कुलटोल पक्की पुल, वकैया ३,८
७. दोभान ज्यामिरे गभर्रस्थान सडक, बकैया ६

विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. हात्तीसुँडे डिप बोरिङ्ग वाटर सप्लाई एण्ड स्यानिटेशन

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner